# नेपाल मानव अधिकार संगठन
## Human Rights Organisation of Nepal

Regd. No. 149/053/054
Estd: 1988 A.D. (2045 B.S.)

केन्द्रीय कार्यालय- अनामनगर, काठमाडौं
Central Office- Anamnagar, Kathmandu

Anamnagar-29
G.P.O. Box: 5424
Kathmandu, Nepal
+977-1-5706949/5705948
huron.nepal@gmail.com
www.huronnepal.org


च.न. ८०/०८३

**प्राकृतिक विपत्तिमा सहयोग तथा सहकार्यका लागि अपिल**

मिति २०८३।०५।१० गते बुधबार बिहान करिब ९ बजेको समयमा रसुवागढीको उत्तरतर्फबाट अचानक आएको बाढीका कारण भोटेकोशी र त्रिशूली नदी आसपासका रसुवा, नुवाकोट र धादिङका बस्तीहरूमा व्यापक जनधन क्षतिग्रस्त भएको घटनाप्रति यो संगठन गम्भीर रुपमा दुःख प्रकट गर्दै सम्पूर्ण मृतकहरुमा हार्दिक श्रद्धाञ्जली तथा शोक सन्तप्त परिवारजनप्रति हार्दिक संवेदना व्यक्त गर्दछ ।

प्राकृतिक प्रकोपबाट घाइते भएकाहरूको प्रभावकारी उपचार, बेपत्ता व्यक्तिहरूको यथाशीघ्र खोजतलास तथा बाढीग्रस्त क्षेत्रका सड्ने गल्ने वस्तुहरू तुरुन्त हटाई संक्रमणकारी रोगहरु फैलिन रोक्ने र विस्थापित नागरिकहरूको गाँस, बास र कपासको उचित व्यवस्थापन तत्काल जरुरी रहेको प्रति नेपाल सरकार तथा हातेमालोका लागि सामाजिक संघसंस्थाहरूको समेत ध्यान आकर्षित गराउन चाहन्छौं ।

यस विपतको अवस्थामा सबैले मानवता, मानवीयता, भ्रातृत्व र आत्मीयताको व्यवहार गर्नुपर्नेमा कतिपय व्यक्तिहरूले मृतकको शरीरबाट सुनका गहना चोरी गर्ने जस्ता पाशविक क्रूर अपराध गरिरहेको समेत सामाजिक सञ्जालमा आइरहेकोप्रति, यस्ता आपराधिक घटनामा संलग्न व्यक्तिहरूलाई कानुनी दायरामा ल्याउन नेपाल प्रहरीलाई अनुरोध गर्दै यस दुःखद अवस्थामा बाढीमा फेला परेका सामानहरू प्रहरी समक्ष बुझाउने र सम्बन्धित व्यक्तिलाई फिर्ता गर्ने वातावरण बनाउन समेत संगठन नेपाली नागरिक तथा सरोकारवालाहरुमा हार्दिक अपिल गर्दछ ।

अतः यस संगठन सदाको जस्तै प्रभावित नागरिकको मानव अधिकार अवस्थाको अनुगमन, अभिलेखीकरण तथा आवश्यक सहजीकरणमा निरन्तर साथ र सहकार्य रहने प्रतिबद्धता व्यक्त गर्दछ ।

मितिः २०८३/०५/११

इन्द्र प्रसाद अर्याल
अध्यक्ष
नेपाल मानव अधिकार संगठन